**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः २०८०/०३/०९

जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन

**भाग-१**

" विनियोजन ऐन २०८० "

**जैमिनी नगरपालिका**

यो अर्थ सम्बन्धि ऐन हो।

# जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन

नगर सभामा पारित मिति: २०८०।०३।०९

**प्रस्तावना:** जैमिनी नगरपालिका, बागलुङको आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम जैमिनी नगरपालिका, बागलुङको १३ औं नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "जैमिनी नगरपालिका, बागलुङको विनियोजन ऐन, २०८० " रहेको छ।

(२) यो ऐन संवत २०८० साल साउन ०१ गते देखी प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ७२,५६,०८,१४२। (अक्षेरुपी बहत्तर करोड छपन्न लाख आठ हजार एक सय बयालिस रुपैया मात्र )मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त जैमिनी नगरपालिका, बागलुङको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

जैमिनी नगरपालिकाको विनियोजन ऐन, २०८०

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसुची-१**

**(सँग सम्बन्धित २दफा )**

**नेपालको संविधानको धारा २२९ बमोजिम (२)**

**सञ्चित कोषवाट विनियोजन हुने रकम**

| क्र स | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | नगर कार्यपालिका | ५१,७१,००,००० | २०,८५,०८,१४२ | ७२,५६,०८,१४२ |

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिकाको विनियोजन ऐन, २०८०